User Manual for Mobile User

कोरोना माहामारीले विश्वलाई नै आक्रान्त पारेको वर्तमान समयमा यसको प्रभावबाट न्यायालय पनि अछुतो रहन सकेको छैन। यस विषम परिस्थितिमा विगत १ महिना भन्दा बढी समय देखि नेपालमा निषेधाज्ञा जारी भई न्यायिक कामकारवाहीमा असर परेको कारण मुद्दाको सुनुवाई विद्युतीय/भर्चुअल माध्यमबाट गर्नको लागि सम्मानित सर्वोच्च अदालतबाट "अदालतमा श्रव्यदृष्य संवाद (भिडियो कन्फेरेन्स) मार्फत सुनुवाई सञ्चालन सम्बन्धी निर्देशिका, २०७८" जारी भईसकेको रयस अदालतको मिति २०७८/०२/२१ गतेको पूर्ण बैठकले समेत विद्युतीय/भर्चुअल माध्यमबाट मुद्दाको सुनुवाई गर्ने भनी निर्णय गरेको हुँदा सो को माध्यमको रुपमा **ZOOM** app छनौट गरी प्रयोगमा ल्याइएको छ। यसको प्रयोगमा सहजीकरणको लागि यस अदालतले **प्रयोगकर्ता दिग्दर्शन (USER MANUAL)**तयार पारी यस अदालतको वेवसाइटमा समेत प्रकाशित गरेको छ।

1) **<u>प्रयोगकर्ता दिग्दर्शन (USER MANUAL)</u>**

→सबै भन्दा अगाडी तपाईको मोबाईलमा **ZOOM Application**install गर्नु पर्ने हुन्छ।**Zoom App**Install गर्नको निम्ति **Play Store**वा **Apple App Store** मा जानुहोला।



➔ Play Store मा गई तपाईले ZOOM Cloud MeetingsAPP खोजेरDownload गरी Install गर्नुहोला।



→Zoom Install भएपछि ZOOM APPलाईClick गरीOPENगर्नुहोला।



➔ त्यसपछि Join a Meeting मा Click गर्नुहोला र अदालतबाट प्रदान गरिएको **Meeting ID** र आफ्नो नाम राखि **Join Meeting**गर्नु होला। (कृपया आफनो नाम उल्लेख गर्दा मुद्दाको नं.; आफ्नो नाम र फोन नं. अनिवार्य उल्लेख गर्नु होला।)

➔ Join Meeting मा Click गरिसकेपछि अदालतबाट प्राप्त **Meeting Passcode**राखि OKमा Click गर्नु होला।



- ➔ Join Meeting गरेपछि अदालतबाट खटाईएका अधिकृतज्यूले तपाईको नाम, मुद्दा नं. र अन्य पहिचान भएपछीमात्र ADMIT गर्नुहुने हुँदा केही बेर धर्यताका साथ कुर्नुपर्ने हुन्छ।

- ➔ अदालतबाट पहिचान पछि तपाई Video conference मार्फत अब तपाईले इजलास समक्ष जोडिनु हुन्छ।
- ➔ इजलास समक्ष शान्त वातावरण र अनावश्यक नबोलिनको निम्तिMUTE गर्नुहोला तर Video भने Stop गर्न पाईने छैन। Mute / Unmute गर्नको निम्ति Screenको बायापट्टिको मुनि देखाईकोमा click गर्नुहोला



→ इजलासमा सुनुवाई सकिएको जानकारी पछि इजलास बाहिर निस्किनको निम्ति Leave Meeting अवश्य गर्नुहोला। Leave Meeting को निम्ति Screenको दायाँपट्टिको माथी देखाईकोleave मा click गरी Leave Meetingगर्नुहोला।



- ➔ केहि कारणबस तपाईले कुनै Picture, Documents, वा अन्य नजिर ईजलास समक्ष पेश गर्नु पर्ने भएमा अग्रिम जानकारी दिईइजलासमा खटिएका अधिकृतज्यूले उचित थानेमा तपाईलाई Co-Host को अधिकार दिई तपाईले आफ्नो file लाइ आफ्नो Screen Share गरी ईजलास समक्ष पेश गर्न सकिने छ।
- ➔ तपाईले Share Screen गर्नको निम्ति Share Screenमा Click गर्नुहोला।



- ➔ त्यसपछि तपाईले Screen लाई choose गरि Start Nowमा Click गर्नुहोला।



- ➔ इजलास समक्ष पेश गरिनु पर्ने फाईलहरु देखाउने कार्य सम्पन्न भए पछि Stop Share मा Click गरी आफ्नो screen बन्द गर्न हुन अनुरोध गरिन्छ।


9:56 PM
Network Utilities
brother
iPrint&Scan
µTorrent
AnyDesk
GoToWebinar
GoToMeeting
Zoom
Teams
Annotation
Share Audio: OFF
Stop Share

अदालतमा श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई संचालन सम्बन्धी निर्देशिका , २०७८ मा श्रव्यदृश्य मार्फत मुद्दाको सुनुवाईको सम्बन्धमा उल्लेख भएका केहि प्रावधानहरु :-

१. महामारीको यस विषम परिस्थितिमा स्वास्थ्य सुरक्षाका मापदण्ड अवलम्बन गर्न सुनुवाईलाई श्रव्यदृश्य संवाद (भर्चुअल)विधीद्धारा गर्न प्राथमिकता दिइनेछ।

२. श्रव्यदृश्य संवाद मार्फत सुनवाई गर्न अनुमतिको मागको लागी श्रव्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई संचालन सम्बन्धी निर्देशिका , २०७८ को अनूसूची२ अथवा अदालतले उपलब्ध गराएको निवेदनको ढाँचामा आवश्यक विवरण भरी मुद्दा दर्ता गर्दा वा मुद्दाको कारवाही जुनसुकै अवस्थामा रहेको अवस्थामा अदालतमा बुझाउनु पर्नेछ।

३. श्रव्यदृश्य मार्फत संवाद मार्फत सुनुवाईको अनुमतिको लागी पक्षले अदालतमा पेश गर्ने ढाँचामा पक्षले इमेल ठेगाना र हाल प्रयोगमा रहेको मोबाइल नम्बर अनिवार्य उपलब्ध गराउनुपर्नेछ। केहि कारणबश निवेदन पेश गर्दा इमेल र मोवाइल नम्बर उपलब्ध गराउन नसकेमा मुद्दाको सुनुवाई हुने कम्तीमा १ दिन अगावै अदालतले उपलब्ध गराएको ईमेल ठेगानामा अनिवार्य रुपमा उपलब्ध गराउनुपर्नेछ।

४. यसरी विवरण भरी अदालतमा बुझाएकोमा सम्बन्धित मुद्दाको सुनुवाई श्रव्यदृश्य संवाद मार्फत गर्ने वा नगर्ने विषयको निर्धारण सम्बन्धित अदालतले गरी जानकारी दिइनेछ।

५. श्रव्यदृश्य मार्फत सुनुवाई गरिने मुद्दाका पक्षहरुलाई पक्षहरुले उपलब्ध गराएको इमेल ठेगानामा मुद्दाको सुनुवाई हुनुभन्दा सामान्यतया एक दिन अगाडि सुनुवाई हुने समय निर्धारण गरी अदालतद्धारा श्रव्यदृश्य लिङ्क उपलब्ध गराइनेछ।

६. श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई गर्नेको लागि अदालतबाट तोकिएको दिन , समय र स्थानमा सम्बन्धित कानून व्यवसायीले निर्धारित र पक्षहरुले मर्यादित पोशाक लगाई उपस्थित हुनुपर्नेछ।

७. मुद्दाको पक्ष, साक्षी, विशेषज्ञ, कानून व्यसायी, अदालतका कर्मचारी तथा श्रव्यदृश्य संवादसंग सम्बन्धित व्यक्तिहरुले आफ्नो परिचय खुल्ने परिचयपत्र वा विवरण सहित संवाद कक्षको वातावरण शान्त र सुरक्षित हुनेगरी आफूले प्रयोग गरेको उपकरणको माइक्रोफोन वन्द गरी श्रव्यदृश्य संवादमा सहभागी हुनुपर्नेछ।

८. श्रव्यदृश्य संवादमा संलग्न हुने व्यक्ति मुद्दाको सुनुवाई अन्त्य नहुँदासम्म अनलाईनमा नै रहिरहनु पर्नेछ।मुद्दाको सुनुवाई भै रहेको अवस्थामा मोवाईल फोन वा अन्य उपकरणहरुको प्रयोग वा मुद्दाको काम वाहेक अन्य काम गर्न पाइनेछैन।

९. पक्षहरुलाई अदालतबाट प्राप्त भएको लिङ्क अन्य व्यक्तिलाई उपलब्ध गराउन पाईने छैन। लिङ्क उपलब्ध नगराइएको कुनै अनाधिकृत व्यक्तिले अनाधिकृत रुपमा सुनुवाई कक्षमा प्रवेश गरेको पाइएमा अदालतले त्यस्तो व्यक्तिलाई संवादबाट वाहिर हटाइनेछ।

१०. मुद्दामा रहेका पक्षहरुमध्ये श्रव्यदृश्य मार्फत मुद्दाको सुनुवाई गराउन मञ्जुर पक्षले श्रव्यदृश्य मार्फत र भौतिक उपस्थितिमा मुद्दाको सुनुवाई गराउन इच्छुक पक्षले भौतिक रुपमा अदालतले निर्धारण गरेको मापदण्ड पालना गरी सुनुवाई गर्नुपर्नेछ।

११. श्रव्यदृश्य संवाद मार्फत सुनुवाई हुने मुद्दामा कानून व्यसायीको वकालतनामा संलग्न नरहेको भएमा पक्ष वा कानून व्यसायीले इमेलद्धारा वकालतनामाको छविचित्र पेश गरेमा सम्बन्धित मुद्दामा कानून व्यवसायी मुकरर भएको मानिनेछ।

१२. एक मुद्दामा एक भन्दा धेरै कानून व्यवसायी मुकरर रहनु भएको भए प्रमुख कानून व्यवसायी (लिड लयर) वा निजले तोकेको कानून व्यवसायीले मात्र श्रव्यदृश्य संवाद मार्फत वहस गर्ने र अन्य कानून व्यवसायीले मुद्दाको सुनुवाई हुनुभन्दा एक दिन अगाडि नै वहस नोट इमेल मार्फत इजलास समक्ष प्रस्तुत गर्नुपर्नेछ।

१३. मुद्दामा वहसको क्रममा मिसिलमा संलग्न नभएको कुनै प्रमाण पेश गर्नु पर्ने भएमा सो प्रमाणको छवीचित्र उतार गरी इमेल मार्फत पठाउन सकिनेछ।

१४. श्रव्यदृश्य संवाद मार्फत सुनुवाई हुने मुद्दाको पेशी सूचीमा निर्धारण गरिएको समयभित्र अनिवार्य रुपमा बहस पैरवी समाप्त गर्नुपर्नेछ। निर्धारित समय सिमा भित्र वहस पैरवी नसकिएमा स्वचालित रुपमा सम्पर्क विच्छेद हुन सक्नेछ।

१५. श्रव्यदृश्य संवाद मार्फत मुद्दाको सुनुवाई भई इजलासले गरेको आदेश वा अन्य कारवाहीको जानकारी सम्बन्धित पक्षलाई अदालतले इमेल मार्फत गराइनेछ।

१६. यस सम्बन्धमा माथि उल्लेख भएका कुराहरुका अतिरिक्त सर्वोच्च अदालतबाट जारी अदालतमा श्रब्यदृश्य संवाद (भिडियो कन्फरेन्स) मार्फत सुनुवाई संचालन सम्बन्धी निर्देशिका , २०७८ अनुसार हुनेछ।

थप जानकारीको लागि आवश्यक परे यस अदालतका

शाखा अधिकृत श्री श्रीदीप वाग्ले (९८५५०८०१००)

E-mail: shreedeep.wagle@gmail.com

सूचना प्रविधि अधिकृत श्री अनितनाथ कायस्थ (९८४१४९१८१३)

E-mail: anit.kayastha@supremecourt.gov.np

मार्फत सम्पर्क गरे सहजीकरण गरिनेछ।